मन्थली नगर कार्यपालिकाको कार्यालय मन्थली, रामेछाप बागमती प्रदेश, नेपाल

## मिति २०८१ वैशाख २५ गते बसेको मन्थली नगरपालिकाको

## कार्यपालिकाको २५ औं वैठकका निर्णयहरु

**निर्णय नं. १**

कार्यपालिकाको अघिल्लो वैठकमा भएका निर्णय र सो सम्बन्धमा भएको कार्य प्रगतिवारे छलफल तथा समीक्षा गरियो । अघिल्लो वैठकका निर्णय कार्यान्वयनको अवस्था सन्तोषजनक पाईयो ।

**निर्णय नं. २**

मन्थली नगरपालिकाको आगामी आ.व. २०८१/८२ को नीत कार्यक्रम तथा वजेट निर्माणका लागि देहाय बमोजिमक समय सारिणी पारित गर्ने ।

| क्र स | क्रियाकलाप | समयावधि | जिम्मेवार निकाय | समन्वयकर्ता | कैफियत |
|---|---|---|---|---|---|
| १ | स्रोत अनुमान तथा वजेट निर्धारण समिति | २०८१/०१/२५ | स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समिति | सुदर्शन राय | |
| २ | नगर कार्यपालिकाको वैठक | २०८१/०१/२५ | | सुदर्शन राय | |
| ३ | स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समिति | २०८१/०१/३० सम्म | स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समिति | सुदर्शन राय | विषय क्षेत्रगत वडा सिलिङ्ग र मापदण्ड निर्धारण |
| ४ | विषयगत समितिको वैठक | जेष्ठ ५ सम्म | विषयगत समिति | सम्वन्धित विषय समितिका सदस्य सचिव | |
| ५ | पूर्व योजना तर्जुमा वैठक( संघ, प्रदेश, गैर सरकारी संघ संस्थाहरु समेत) | जेष्ठ ९ | योजना शाखा | उज्जवल पोखेल | |
| ६ | वडा तथा वस्ती स्तरमा छलफल र माग संकलन | जेष्ठ २० सम्म | वडा समिति | वडा सचिव | |

...प्रसाद थापामगर
...प्रशासकीय अधिकृत

Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | वडा स्तरमा प्राथमिकीकरण निर्धारण | जेष्ठ २२ सम्म | वडा समिति | वडा सचिव | |
| ८ | विषयगत समितिको वैठक | जेष्ठ २४ | विषयगत समिति | सम्वन्धित विषय समितिका सदस्य सचिव | |
| ९ | नगर स्तरीय वजेट तर्जुमा समितिको वैठक | जेष्ठ २५ | वजेट तर्जुमा समिति | उज्जवल पोखरेल | |
| १० | कार्यपालिका | जेष्ठ २८ | कार्यपालिका | सुदर्शन राय | |
| ११ | नगर सभा | अषाढ ५ | | सुदर्शन राय | |

<u>निर्णय नं. ३</u>

नगर शिक्षा समितिबाट पारित भई कार्यपालिकाको वैठकमा पेश भएको मन्थली नगरपालिकाको शिक्षक दरबन्दी मिलानको मापदण्ड २०८१ परिमार्जन सहित पारित गर्ने ।

<u>निर्णय नं. ४</u>

वैठकमा पेश भएको मन्थली नगरपालिकाको चालु आ.व. २०८०/८१ को हालसम्मको वजेट खर्च विवरण अनुमोदन गर्ने ।

<u>निर्णय नं. ५</u>

वजेट र समय अभावका कारण तोकिएको मितिमा बालमैत्री नगरका आवश्यक सूचक पुरा गर्ने कार्य प्रभावित भएकाले मन्थली नगरपालिकालाई बालमैत्री स्थानीय शासनयुक्त नगर घोषणा गर्ने समय सीमा २०८१ चैत्र मसान्त कायम गर्न नगरसभामा प्रस्ताव गर्ने ।

<u>निर्णय नं. ६</u>

वागमती प्रदेश सरकार र मन्थली नगरपालिकाको साझेदारीमा सञ्चालन हुने गृहिणी महिला सशक्तिकरण कार्यक्रम मन्थली नगरपालिकाको वडा नं. १, ६ र १० मा सञ्चालन गर्ने ।

<u>निर्णय नं. ७</u>

वागमती प्रदेश सरकार र मन्थली नगरपालिकाको साझेदारीमा सञ्चालन हुने दलित उद्यम कार्यक्रमका लागि सार्वजनिक सुचना प्रकाशन गरी प्राप्त मागका आधारमा कार्यक्रम सञ्चालन गर्ने ।

प्रसाद चापागाइ
प्रशासकीय अधिकृत

Scanned with CamScanner

मन्थली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल

**निर्णय नं. ८**

दक्षिण कोरियाको सियोलमा 2024, May 15-17 सम्म हुने Empowering Future Cities Smart Solutions For Sustainable Development सम्बन्धी कार्यशालामा सहभागिताका लागि मन्थली नगरपालिकका नगर प्रमुख श्री लब श्रेष्ठलाई आयोजकबाट आमन्त्रण गरिएकाले स्थानीय तहका पदाधिकारीको विदेश भ्रमण सम्बन्धी निर्देशिका २०७५ को दफा ४(ख) बमोजिम विदेश भ्रमणका लागि मनोनयन गरिदिन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा सिफारिस गर्ने ।

**निर्णय नं. ९**

मन्थली नगरपालिका वडा नं. १ मन्थलीमा रहेको विमानस्थलबाट हाल आंशिक रुपमा हुँदै आएको मन्थली -लुक्ला उडानको स्थायित्वको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने ।

**निर्णय नं. १०**

नगर कार्यपालिकाका विषयगत समितिको नियमित तथा आकस्मिक वैठकको प्रत्येक ३/३ महिनाको प्रगति विवरण कार्यपालिकाको वैठकमा पेश गर्ने ।

**निर्णय नं. ११**

लामो खडेरी र डढेलोको कारण मन्थली नगरपालिका वडा नं. १० मा भएको खानेपानी समस्याको समाधानका लागि संघीय तथा प्रदेश स्तरका खानेपानी कार्यालय र सरोकारवाला निकायबीच समन्वय वैठकको आयोजना गरी समाधानका लागि कार्य अगाडि बढाउने ।

**निर्णय नं. १२**

मन्थली नगरपालिकाका वन क्षेत्र र निजी पाखाहरुमा लागेको डढेलोको कारण खानेपानी तथा सिंचाईका लागि प्रयोग गरिएका पोलिथिन पाईप जली अवरुद्ध भएका खानेपानी तथा सिंचाई आयोजना सुचारु गराउन प्रभावित क्षेत्रमा वितरण गरिएको हालसम्मको पाईप वितरण कार्य अनुमोदन गर्ने ।

२०८१/१/२६

...प्रसाद चापागाई
...प्रशासकीय अधिकृत

Scanned with CamScanner